सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतबाट जारी भएको

## प्रेस विज्ञप्ति

सर्वोच्च अदालतबाट भएका काम कारबाहीका बारेमा विगत केही दिनदेखि प्रवाह भैरहेका समाचार, टीकाटिप्पणी र गतिविधिहरुको सम्बन्धमा सर्वोच्च अदालतको ध्यानाकर्षण भएको छ। अदालतमा दर्ता हुने विवादहरूको निरूपण संविधान, कानून र न्यायका मान्य सिद्धान्तबमोजिम हुने र अदालतबाट भएका फैसला वा आदेशउपर चित्त नबुझेमा निर्धारित विधि र प्रक्रिया अनुरूप उपचारको मार्ग अनुशरण गर्न सकिने नै हुन्छ।

अदालतबाट फैसला वा आदेश भइसकेपछि ती फैसला वा आदेशहरु सार्वजनिक स्वामित्वका विषय बन्दछन्। अदालतका फैसला वा आदेशउपर स्वच्छ टिप्पणी वा आलोचना र प्राज्ञिक छलफल वा बहस हुन सक्दछ। निश्चित सीमा र मापदण्डभित्र रहेर गरिने स्वस्थ आलोचना वा टिप्पणीप्रति अदालत सदैव सकारात्मक रहेको छ। न्यायपालिका आम नागरिकको आस्था, विश्वास र भरोसाबाट जीवन्त रहने संस्था हो। न्यायपालिकाका काम कारवाहीका बारेमा भ्रम सिर्जना हुनेगरी समाचारको प्रवाह वा टीकाटिप्पणी गर्दा न्यायपालिकाको मर्यादा र गरिमामा आँच आउन सक्नेतर्फ पनि ध्यान जान जरुरी हुन्छ।

लोकतान्त्रिक विधि र पद्धतिमा राज्यका हरेक पेसा वा व्यवसायका न्यूनतम आचार संहिता हुने र सार्वजनिक निकायको जवाफदेहितासरहको महत्त्व त्यसप्रकारका पेसागत आचार संहिता पालनाको समेत रहने गर्दछ। न्याय सम्पादनका क्रममा हुनसक्ने त्रुटि सच्चाउने कार्य निर्धारित विधि र प्रक्रियाअनुरूप अदालतबाटै हुने मान्यतालाई संवैधानिक, कानूनी र न्यायिक अभ्यासको माध्यमबाट स्थापित गरिएको बेहोरा विदितै छ। अदालतमा विचाराधीन अवस्थामा रहेका मुद्दाको काम कारवाही र न्याय सम्पादनमा प्रभाव पर्नेगरी समाचारको प्रवाह वा टीकाटिप्पणी नगर्नसमेत सम्बद्ध सबैमा अनुरोध छ।

स्वतन्त्र, निष्पक्ष, सुदृढ र सक्षम न्यायपालिका एवम् विधिको शासनको सुनिश्चितता तथा न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धिमा अदालत सदैव गम्भीर, सचेत र संवेदनशील एवम् पूर्णरूपमा प्रतिबद्ध रहेकोप्रति विश्वस्त हुन पनि सबैमा अनुरोध गर्दछौं।

मिति २०७७।०४।१२

(भद्रकाली पोखरेल)
प्रवक्ता

D:\ADMIN SECTION\... विज्ञप्ति.docx